## मिति २०८२ फागुन ४ गतेको सचिव बैठकका निर्णयहरू

१. सुशासन मार्गचित्रलाई अन्तिम रूप दिन माग गरिएका विवरण तथा सूचनाहरू पठाउन बाँकी मन्त्रालय/निकायहरूले ती विवरण/सूचनाहरू तत्काल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

२. जेन-जी आन्दोलनका क्रममा क्षतिग्रस्त हुन पुगेका सरकारी भवन लगायतका भौतिक संरचनाहरूको पुनर्निर्माण वा मर्मतसंभारको कार्यलाई शहरी विकास मन्त्रालयले शीघ्रताका साथ अगाडि बढाउने।

३. विधायन ऐन, २०८१ को प्रावधान बमोजिम मन्त्रालय/आयोग/कार्यालय/निकायवाट जारी भएका नियमावली, निर्देशिका, कार्यविधि लगायतका कुनै पनि प्रत्यायोजित विधायन सो ऐन जारी भएको एक वर्षभित्र अर्थात् यही २०८२ चैत्र २ गतेभित्र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा दर्ता गराई, दर्ता नम्बर लिई सो नम्बर राखी प्रकाशन गर्नुपर्ने वाध्यात्मक व्यवस्था भएकाले सबै निकायले सोही बमोजिम गर्ने, गराउने।

४. आसन्न फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचनलाई ध्यानमा राखी शहरी विकास मन्त्रालयले सिंहदरवारमा निर्माणाधीन सङ्घीय संसद भवनको बाँकी निर्माण कार्यलाई तीव्रता दिई निर्वाचन लगत्तै बस्ने प्रतिनिधि सभाको बैठकका लागि तयारी गर्ने ।

५. अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महालेखा परीक्षकको कार्यालयका विगतका वार्षिक प्रतिवेदनमा दिईएका सुझावहरूलाई सबै मन्त्रालय/निकायहरूले प्राथमिकताका साथ कार्यान्वयन गर्ने, गराउने।

६. एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) सञ्चालनमा देखिएका समस्याहरू तत्काल समाधानका लागि सूचना प्रविधि विभागले कार्य प्रारम्भ गरी १५ दिनभित्र विद्यमान समस्याहरूको समाधान गर्ने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

मुख्य सचिव